**मिति २०८२।०९।२३ गते जिल्ला सुरक्षा समिती तथा रुपन्देही जिल्लामा क्रियाशिल राजनितिक दलका प्रमुख पदाधिकारी एवं प्रतिनिधिहरुसंग बसेको समन्वय बैठकका निर्णयहरुः-**

आगामी २०८२ साल फागुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई यस जिल्लामा स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनिय वातावरणमा सम्पन्न गर्नका निम्ति भरपर्दो सुरक्षा व्यवस्थापनका लागि जिल्ला स्थित क्रियाशिल राजनीतिक दलका प्रमुख पदाधिकारी एवं प्रतिनिधिहरुको उपस्थितिमा समन्वय बैठक बसि नियमितरुपमा आवश्यक समन्वय एवं सहकार्य गर्ने विषयमा सघन छलफल भयो । आशन्न प्रतिनिधीसभाको निर्वाचनलाई सम्पन्न गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना , २०८२ तर्जुमा भई कार्यान्वयनमा रहेको साथै जिल्ला निर्वाचन कार्यालय तथा स्थानिय प्रशासनवाट निर्वाचन सम्वन्धी हालसम्म भएका कार्यहरुका सम्बन्धमा समन्वय बैठकमा जानकारी गराउनुका साथै निर्वाचन कार्य सम्पन्न नहुँदासम्म यस जिल्लामा क्रियाशील राजनीतिक दलहरुका निर्वाचन केन्द्रित गतिविधीलाई थप व्यवस्थित बनाउन तपशिल बमोजिम गर्ने, गराउने निर्णय गरियो ।

१. राजनीतिक दलहरुबाट मुख्यरुपमा निर्वाचन आचारसंहिता पुर्णरुपमा कार्यान्वयन गर्ने प्रतिबद्धताका साथै निर्वाचन अवधिमा राजनितिक दलबाट आयोजना गरिने आमसभा, जनप्रदर्शन, जुलुस र चुनावि सभा लगायतका कार्यक्रमलाई व्यवस्थित गर्न उल्लिखित कार्यक्रम आयोजना हुने स्थान अन्य राजनितिक दलको कार्यक्रमसंग नजुध्ने किसिमबाट एक आपसमा समन्वय गरी सम्बन्धित स्थानीय तहबाट अनुमति लिई निर्धारित ढाँचाको फाराम भरी सुरक्षा व्यवस्थापनका लागि अग्रिम रुपमा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा लिखित जानकारी गराउने ।

२. स्थानिय प्रशासनले राजनीतिक दलहरु, उम्मेदवारहरु, निर्वाचनमा खटिने कर्मचारीहरु र मतदाताहरु तथा सम्वद्ध पक्षको सुरक्षाको लागि भरपर्दो सुरक्षा व्यवस्था मिलाउने । शान्तिपुर्णरुपमा निर्वाचन सम्पन्न गर्नका लागि सबै राजनितीक दलहरुले सहयोग गर्ने । मतदाता शिक्षा लगायतका बिषयमा राजनितिक दलहरुले विवाद रहित तवरबाट सक्रियरुपमा सहभागिता जनाउने ।

३. सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्म वा अन्य माध्यम मार्फत गलत सुचना प्रवाह गर्ने, निर्वाचनको वातावरण विथोल्ने तथा गलत अफवाह फैलाउने जस्ता गैरकानुनी कार्यलाई नियन्त्रण र निरुत्साहित गर्न आ-आफ्ना दल सम्वद्ध कार्यकर्ताहरुलाई सचेत गराई प्रविधिको

दुरूपयोग हुनवाट रोक्न दलहरुबाट स्थानिय प्रशासनलाइ आवश्यक सहयोग, समन्वय र सहजिकरण गर्ने ।

४. पछिल्लो समय केही जिल्लाहरूमा धार्मिक सहिष्णुता तथा सद्भावमा गम्भीर असर पर्ने गरी केही व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरी कानूनले निषेध गरेका भ्रामक अभिव्यक्ति सार्वजनिक गरी सामाजिक सद्भाव र मर्यादामा आँच पुर्याउनुको साथै सार्वजनिक शान्ति सुव्यवस्थामा नै खलल पुर्‍याउने किसिमका घटना भइरहेको विषयलाई यस जिल्लामा दृष्टिगत गर्दा आसन्न निर्वाचनलाई प्रभाव एवं असर पार्न सक्ने देखिएकोले आवश्यक संयमता, सजगता र सतर्कता अपनाउन सवै राजनैतिक दलहरुबाट स्थानीय प्रशासनलाइ आवश्यक सहयोग, समन्वय र सहजिकरण गर्ने ।

५. निर्वाचनको समयमा व्यापार व्यवसायलाई प्रतिकूल प्रभाव पर्ने गरी जिल्लाको बुटवल, भैरहवा लगायतका मुख्य व्यापारिक स्थल, बजार क्षेत्र तथा चोक र सडकमा आवागमन अवरुद्ध हुने गरी राजनितीक दल तथा सम्बद्ध संघसंस्थाले कार्यक्रम सञ्चालन नगर्ने ।स्थानीय सरकार, स्थानीय प्रशासन र सुरक्षा निकायको समन्वयमा उपयुक्त समय तथा स्थानमा निर्वाचन केन्द्रित कार्यक्रम समन्वय गरि सञ्चालन गर्ने ।

६. जिल्लाभित्र आयोजना गरिने सभा, समारोह, प्रदर्शन, मेला, जात्रा, महोत्सव, कन्सर्ट, सांस्कृतिक कार्यक्रम र खेलकुद लगायतका अन्य कार्यक्रम स्थानीय तहको कार्यक्रम सञ्चालन अनुमति (स्वीकृति) लिएर मात्र गर्ने पूर्ववत् व्यवस्थालाई आगामी दिनमा समेत निरन्तरता दिने । निर्वाचनमा भरपर्दो सुरक्षा प्रदान गर्दै स्वच्छ, भयरहित र शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्न गराउन सवै राजनितीक दल र सरोकारवाला पक्षहरुले आ-आफ्नो क्षेत्रबाट सहयोग, समन्वय तथा सहजीकरण गर्ने ।

७. जिल्ला सुरक्षा समिती तथा क्रियाशिल राजनितीक दलहरुसँगको नियमित समन्वय वैठक आवश्यकतानुसार वस्ने ।